# लोक सेवा आयोग
## केन्द्रीय कार्यालय, अनामनगर

**आयोगका विज्ञापनबाट अन्तर्वार्तामा सम्मिलित परीक्षार्थीहरुले आफ्नो कूल प्राप्ताङ्क हेर्ने तरीका/विधि**

आयोगको मिति २०७२।११।४ को निर्णयानुसार लिखित परीक्षाबाट छनौट भई अन्तर्वार्तामा सम्मिलित भएका उमेदवारहरुले आफूले प्राप्त गरेको कूल प्राप्ताङ्क हेर्न पाउने व्यवस्था भएको छ। कूल प्राप्ताङ्क हेर्न पाउने उमदेवार र हेर्ने तरिका देहाय बमोजिम रहेका छन्:

१. लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भई अन्तर्वार्तामा सम्मिलित भएका सबै उमेदवारहरुले आफ्नो मात्र कूल प्राप्ताङ्क हेर्न सकिनेछ।

२. उमेदवारहरुले प्राप्त गरेको कूल प्राप्ताङ्क हेर्नको लागि आयोगको वेबसाईट psc.gov.np/advertise/advertise/user मा click गरि त्यसपछि देखा पर्ने window मा देहायका विवरणहरु भर्नुपर्नेछ :-

क) आयोगका विज्ञापनमा दरखास्त दिंदा कायम भएको आफ्नो Master ID

ख) उक्त विज्ञापनमा कायम भएको रोल नं.

ग) आवेदन गरेको विज्ञापन नं.

घ) उमेदवारको जन्म मिति (वि.सं.मा)

उपरोक्तानुसार विवरण उल्लेख गरीसकेपछि view marks button मा गएर आफ्नो कूल प्राप्ताङ्क हेर्न सकिनेछ।

यस्तो प्राप्ताङ्क प्रत्येक विज्ञापनको सिफारिश भएको मितिले ७ दिनपछि वेबसाइटमा उपलब्ध गराइनेछ र कूल प्राप्ताङ्क उपलब्ध गराएको ७ दिनपछि वेबसाईटबाट हटाइनेछ।